# विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विरुवा,स्याङजा

गण्डकी प्रदेश,नेपाल

# शिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना

**दोस्रो पटक सुचना प्रकाशित मिति २०८१।१०।०३**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ क. र यस विरुवा गाउँपालिकको आर्थिक ऐन,२०८१ बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विरुवा गाउँपालिकाले आ.व. २०८१।८२ को लागि तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधीनमा रही ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरी रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठे.नं. | ठेक्काको नाम | IEE प्रतिवेदन अनुसार उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | आ.व.२०८१।८२ को लागि न्यूनतम अंक रु.(मू.अ. कर समेत) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १. | २.४ | अम्बोट घाट | ४८९ घन मिटर | १७५७१७०० | १,०००।०० |

**शर्तहरु :-**

१) दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्म यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र ७ (सातौ) दिन मिति २०८१/१०/१० गते मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्र/वोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको एभरेष्ट बैंङ्क लिमिटेड, विरुवा शाखा स्थित ०६३००१०५२०००५० ग-३ विरुवा गाउँपालिका धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्र आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एभरेष्ट बैंङ्क लिमिटेड, विरुवा शाखा स्थित ०६३००१०६२००००८ ग-६.१ विरुवा गाउँपालिका विभाज्य कोष खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०८२ वैशाख मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन। सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्र भाग लिन पाउने छैनन् ।

८) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन् तथा संकलन गर्ने अवधी सम्झौता भएको मितिदेखि २०८२ जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सम्बन्धी कार्य गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ तथा संघिय सरकारको ढुङगा,गिट्टी,बालुवा उत्खनन्,बिक्रि तथा ब्यबस्थापन मापदण्ड २०७७ बमोजिम गर्नुपर्नेछ ।

१०) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार र यस गाउंपालिका बाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रले पालना गर्नु पर्नेछ

११) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत